# महाशिला गाउँपालिका

## विनियोजन ऐन, २०८०

गाउँसभामा पेश भएको
मिति :२०८०।०३।१०

# महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०८०

**प्रस्तावना :**

महाशिला गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम विनियोजन गरि खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम महाशिला गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन सम्वत २०८० साल श्रावण १ गते देखी प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८०।८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त महाशिला गाउँपालिकाको सञ्चित कोषबाट विनियोजन हुने रकम गाउँकार्यपालिकाको कार्यालयबाट हुने अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४३५४२५७००।- (त्रिचालिस करोड चौवन्न लाख पच्चीस हजार सात सय) नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट विनियोजन गरि खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त महाशिला गाउँपालिककाको गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**४ लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण :**

(१) यस ऐन बमोजिम विनियोजन भई खर्च रकमको प्रचलित आर्थिक ऐन, नियमावली बमोजिम लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

**(५) कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :**

(१) यस ऐनको कार्यन्वयन गर्न स्थानीय तहले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

**अनुसूची १**
**दफा २ सम्वन्धित**

| नेपालको संविधानको धारा २२९ बमोजिम संचित कोषवाट विनियोजन हुने रकम रू | | |
|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ९५००००० |
| २११२१ | पोशाक | ४५०००० |
| २११३१ | स्थानीय भत्ता | २५०००० |
| २११३२ | महंगी भत्ता | ४५०००० |
| २११३९ | अन्य भत्ता | १००००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ५००००० |
| २११४२ | पदाधिकारी सुविधा | ७५००००० |
| २२१११ | सञ्चार महशुल | २००००० |
| २२२१२ | इन्धन पदाधिकारी र कार्यलय प्रयोजन | १४००००० |
| | व्याकहु लोडर मर्मत | ५००००० |
| २२२१३ | सवारी साधन मर्मत | १२००००० |
| २२२१४ | विमा तथा नविकरण | २५०००० |
| २२२२१ | मेशिनरी, औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४००००० |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | १४००००० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | १००००० |
| २२३१५ | सूचना तथा विज्ञापन | ४००००० |
| २२४१३ | करार सेवा शुल्क | १००००००० |
| २२५२९ | विविध खर्च | १०००००० |
| २२६११ | अनुगमन मुल्याङकन खर्च | १०००००० |
| २२६१२ | भ्रमण खर्च | ११००००० |
| २८१४२ | घरभाडा | २००००० |
| | अतिथि सत्कार | २५०००० |
| | कर्मचारी र शिक्षकलाई प्रीत्साहन र पुरस्कार | २००००० |
| | पानी तथा बिजुली | २००००० |
| २८१४३ | सवारी साधन तथा मेशिनरी भाडा | ३००००० |
| | कर्मचारी बैठक भत्ता | १००००० |

| | | |
|---|---|---|
| | सभा सञ्चालन खर्च | १५०००० |
| | करार कर्मचारीलाई सामाजिक सुरक्षा कोष | ८००००० |
| | पर्यटन काज | ५००००० |
| | उपभोक्ता समिति अभिमुखिकरण | १००००० |
| | कानुन कार्यविधि निर्माण विशेषज्ञ सेवा | १००००० |
| | जात्रा उत्सव दिवश समारोह | १००००० |
| | फर्निचर एण्ड फिक्स्चर्स | २५००००० |
| | लक्षित वर्ग सम्मान कार्यक्रम | १००००० |
| | मध्यकालिन खर्च संरचना | ५००००० |
| | वडा कार्यलय मसलन्द तथा कार्यलय सामग्री | ८१०००० |
| | **जम्मा** | ४४६१०००० |
| **पालिका तर्फ** | | |
| **संकेत नं.** | **शीर्षक** | **आ.ब. २०८०।०८१ को बजेट** |
| **१०** | **आर्थिक विकास** | **७६०२५७००** |
| १०१० | कृषि | १२९५६००० |
| १०२० | उद्योग तथा वाणिज्य तथा रोजगार | १३८१००० |
| १०३० | पर्यटन साझेदारी र समपूरक कोष | ३९०००००० |
| १०४० | **महाशिला विकास स्वयंसेवक कार्याक्रम** | २२६३८७०० |
| १०५० | सहकारी | ५०००० |
| **२०** | **सामाजिक विकास** | **२०१८००००** |
| २०१० | शिक्षा | १५३८०००० |
| २०२० | स्वास्थ्य | १७००००० |
| २०३० | खानेपानी तथा सरसफाइ | ८००००० |
| २०४० | संस्कृति प्रवर्द्धन | ४००००० |
| २०५० | खेलकुद तथा मनोरञ्जन | ११००००० |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | ८००००० |
| **३०** | **पूर्वाधार विकास** | **१०३३०००००** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ४८९००००० |
| ३०३० | सिंचाई | ५००००० |
| ३०२० | भवन तथा सहरी विकास | ५३३००००० |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | ४००००० |
| ३०५० | सञ्चार | २००००० |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **२४५००००** |
| **५०** | **सुशासन तथा सेवा प्रवाह तर्फ** | **४८१००००** |
| | **जम्मा** | **२५१३७५७००** |
| | **शसर्त अनुदान** | १८४१००००० |
| | **कुल जम्मा बजेट विनियोजन** | ४३५४२५७०० |